Embassy of Nepal, Abu Dhabi
سفارة نيبال. أبوظبي

Ref. الاشارة

नेपाली राजदूतावास
अबुधाबी, संयुक्त अरब इमिरेटस्।
सर्वाधिक सोधिने प्रश्नहरु र तिनीहरुको जवाफ ।

**Frequently Asked Questions (FAQ)**

| राहदानी तथा अन्य महत्वपूर्ण विषय सम्बन्धी | |
|---|---|
| **प्रश्नहरू (FAQ)** | **उत्तर / जानकारी** |
| के कस्ता कागजातहरु सदैव आफूसंग सुरक्षित राख्नु पर्दछ ? | - राहदानी, Emirates ID, नागरिकताको डिजिटल प्रतिलिपि, कम्पनीको ठेगाना, फोन न., कार्य सम्झौताहरु सुरक्षित राख्ने र परिवारलाई पनि पठाउने। |
| कस्तो अवस्थामा राहदानी (Passport) तथा Visa नविकरण गर्नु पर्दछ ? | - आफ्नो राहदानीको म्याद ६ महिनाभन्दा कम र Visa को म्याद ३ महिनाभन्दा कम भएमा तुरुन्तै राहदानी तथा Visa नविकरण तर्फ लाग्नु पर्दछ । |
| युएईमा सार्वजनिक स्थलमा भएका घटनाको फोटो, भिडियो वा tiktok बनाइ सामाजिक संजालमा राखेमा के हुन्छ ? | - स्थानीय प्रशासनले मनाही गरेका संवेदनशील फोटो भिडियो खिचेमा वा सामाजिक संजालमा राखेमा/फैलाएमा स्थानीय कानुन अनुसार कडा कारबाही हुने भएकोले यस्तो कार्य नगर्नुहोला। |
| झुटा समाचार, भ्रामक रिपोर्ट, हल्लाहरु फैलाएमा वा प्रशारण गरेमा के हुन्छ ? | - कम्तिमा एक देखि दुई वर्षको कैद सजाय र न्यूनतम AED १,००,००० देखि २,००,००० सम्मको जरिवाना हुन्छ । |
| दूतावासमा खोज तलास सम्बन्धी निवेदन कसरी दिन सकिन्छ ? | - https://legal.nepalconsular.gov.np/passport को लिङ्कमा राहदानी नम्बर र जन्म मिति राखेर login गरी निवेदन दिन सकिन्छ वा<br>- दूतावास तथा कन्सुलेट जनरलको इमेलमा सम्पूर्ण विवरण खुलाई निवेदन दिन सकिन्छ । |
| तुरुन्तै नेपाल जानु पर्ने भएमा र राहदानीको म्याद सकिएमा के गर्न सकिन्छ ? | - राहदानी बनेर आउन समय लाग्ने भएमा Travel Document र यहाको निकायबाट Outpass बनाइ नेपाल जान सकिन्छ। |
| भर्खर जन्मिएका बच्चाको हकमा के गर्ने? | - Birth Certificate आवश्यक पर्दछ ।<br>- अनि आवश्यक्ता अनुसार राहदानी वा Travel Document लिनु पर्दछ । |
| **श्रम सम्बन्धी जानकारी** | |
| युएईबाट एक पटक फर्किएपछि फेरि युएइमा आउन पाइन्छ कि पाइदैन ? | - सामान्यतया कानून बमोजिम विदामा वा Visa cancellation गरी गएकाहरु पुनः आउन सक्नेछन्। तर Absconding तथा कानुनी सजाय वा अन्य केहL कारणले रोक लगाइएकाहरू भने आउन पाउने छैनन्। |

| | |
|---|---|
| आफ्नो Visa Status आफैले हेर्न सकिन्छ कि सकिदैन ? | - सकिन्छ । दुबईको हकमा GDRFA- Dubai portal तथा अन्य Emirates को हकमा ICP Smart Services मा गएर हेर्न सकिन्छ । |
| के आफ्नो Emirates ID मा भएको Fine (जरिवाना) आफैले हेर्न सकिन्छ ? | - सकिन्छ ।<br>- MOI APP , GDRFAD र आफु रहेको Emirates को Smart Police App हरु मार्फत हेर्न सकिन्छ । |
| युएइमा Overstay भएको खण्डमा जरिवाना लाग्छ कि लाग्दैन ? | - युएइमा पुरानो Visa समाप्त भए पश्चात करिब ३० दिन ग्रेस पिरियड (अतिरिक्त समयावधि) हुन्छ र सो समयमा आफ्नो Visa नविकरण नगरेमा वा नेपाल नफर्किएमा दिनको ५० AED को दरले जरिवाना लाग्दछ र त्यो तिर्नै पर्ने हुन्छ । |
| कस्तो अवस्थामा Absconding (भागेको) नियम लाग्दछ ? | - कम्पनीलाइ सूचना वा जानकारी नदिइ वा कम्पनी छोडी भागेर गएमा । |
| कम्पनीले तलब नदिए वा कम दिएमा के गर्ने? | - आफ्नो कागजात contract, bank statement, WPS, message सुरक्षित राख्नुहोस् र कम्पनीलाई लिखित जानकारी दिनुहोस् । समस्या समाधान नभएमा Ministry of Human Resources and Emiratisation (MOHRE) मा complaint गर्नुहोस्। |
| कम्पनीले बसोबास (Accommodation) नदिए वा खराब अवस्थामा राखेमा के गर्ने? | - फोटो/भिडियो प्रमाण संकलन गर्नुहोस्, HR लाई जानकारी दिनुहोस् र सुधार नभएमा MOHRE मा उजुरी दर्ता गर्नुहोस्। MOHRE ले inspection र mediation गर्छ। |
| Ministry of Human Resource and Emiratisation (MOHRE) मा कसरी उजुरी दिने ? | - MOHRE App, website वा 📞 80060 / 600590000 मा call गरेर वा Tasheel center मार्फत सजिलै निःशुल्क complaint गर्न सकिन्छ। |
| अमानवीय व्यवहार भएको अवस्थामा के गर्ने? | - गम्भीर अवस्था र अमानवीय व्यवहार भएमाः<br>📞 MOHRE: 80060<br>Police: 999<br>र दूतावास र कन्सुलेटलाई पनि जानकारी गराउनुहोस । |
| Visa cancellation कसरी र कहाँ हुन्छ? | - पहिले MOHRE मार्फत Labour/work permit cancellation हुन्छ, त्यसपछि मात्र Visa cancellation हुन्छ।<br>- अबुधाबीमा Federal Authority for Identity, Citizenship, Customs and Port Security (ICP)<br>- दुबईमा Amer Center |
| Visa cancellation का मुख्य steps के हुन्? | - Complaint → Mediation → Labour cancellation → Visa cancellation → Grace period (३० दिन) |
| कम्पनीले Visa cancel नगरे के गर्ने? | - तुरुन्त MOHRE मा complaint गर्नुहोस्। मन्त्रालयले कम्पनीलाई बाध्य बनाउँछ । |

| | |
|---|---|
| Visa cancel भएपछि के हुन्छ? | - सामान्यतया ३० दिन Grace period पाइन्छ, जसमा नयाँ Visa लगाउने वा UAE छोड्ने विकल्प हुन्छ। त्यो समयभित्र Visa परिवर्तन नगरेमा वा UAE नछाडेमा Overstay fine हुन्छ । |
| Passport कम्पनीले राखेको छ भने के गर्ने? | - कम्पनीले राहदानी राख्नु गैरकानुनी हो । त्यसरी राहदानी राखिएको छ भने MOHRE मा उजुरी दिनुहोस्। |
| **Contact No. of Embassy of Nepal in Abu Dhabi**<br>Passport/Attestation:+971566079504<br>Employment Affairs: +971509893190<br>Consular Services: +971501664023<br>Landline: +971 2 634 4469 (During office hours)<br>**Emails:**<br>श्रमिकसँग सम्बन्धित विषयका लागि support.abudhabi@mofa.gov.np<br>कन्सुलरसँग सम्बन्धित विषयका लागि consular.abudhabi@mofa.gov.np<br>अन्य General विषयहरुका लागि: eonabudhabi@mofa.gov.np<br>facebook- https://www.facebook.com/EmbassyofNepalUAE/<br><br>**Contact No. of Consulate General in Dubai**<br>Passport/Attestation/Inquiry: +971503949304<br>Labour Issues: +971503612305<br>Demand Attestation: +971566533624<br>Email: cgndubai@mofa.gov.np<br>Landline Phone: +971 42699171(During office hours)<br>**Facebook :**<br>**https://www.facebook.com/profile.php?id=61579760574261** | Contact no. of Tasheel Centres<br>श्रम सम्बन्धी कागजातहरू, absconding removal, कार्य अनुमति रद्द, नयाँ कार्य अनुमतिपत्रको लागि प्रक्रिया शुरु गरिदिने जस्ता कार्यहरुको लागि Tasheel Centres<br>मा सम्पर्क राख्न सकिने -<br>Dubai:<br>○ Tasheel – Al Barsha / Deira / Jebel Ali<br>○ 📞 80060 / 600590000<br>• Sharjah / Ajman / Umm Al Quwain / Ras Al Khaimah / Fujairah:<br>○ Tasheel service centres (nearest city-based)<br>○ 📞 80060 / 600590000<br>Immigration / Visa Cancellation<br>• Dubai: Amer Center (Visa services, cancellation)<br>○ 📞 800 511<br>• Sharjah: Amer Center – Sharjah City<br>○ 📞 06-522 2600<br>• Ajman / Umm Al Quwain / Ras Al Khaimah / Fujairah:<br>MOHRE App वा website बाट पनि complaint दर्ता गर्न सकिन्छ। |
| **मृतकको हकमा NOC प्राप्त गर्ने प्रक्रिया** | |
| मृतकको हकमा शव पठाउन लाग्ने समय र प्रक्रिया के हुन्छ ? | - कसैको मृत्यु भएमा यहाँको निकायबाट Investigation process सुरु हुन्छ र त्यो सकिए पश्चात<br>- अस्पताल र प्रहरीबाट No objection Letter/police report लिनु पर्दछ।<br>- Health Authority बाट Death Notification तथा Death Certificate लिनु पर्दछ।<br>- त्यसपछि कम्पनीले शव पठाउने प्रक्रिया शुरु गर्दछ ।<br>- सबै कागजात तयार भै सकेपछि दूतावासबाट शवलाई स्वदेश फिर्ता पठाउनको लागि NOC जारी हुन्छ ।<br>- आबुधाबीको हकमा फरेन्सिक प्रतिवेदन आउन करीब ३ हप्ता |

| | |
|---|---|
| | जति लाग्ने गर्दछ र यो Emirates अनुसार फरक हुन्छ ।<br>- दूतावासबाट NOC जारी भए पश्चात कम्पनीले cargo बुक गरी शव पठाउँछ।<br>- यदि परिवारमा कोही नभएको हकमा युएईमा नै दाह संस्कार गर्नु पर्ने भएमा परिवारको लिखित मन्जुरी आवश्यक पर्दछ ।<br>- यो प्रक्रिया मृत्युको प्रकृति हेरी करिब १५ दिनदेखि १ महिना जति समय लाग्ने हुन्छ ।<br>- |
| **क्षतिपूर्ति सम्बन्धी** | |
| कस्ता घटनामा क्षतिपूर्ति पाइन्छ ? | - कार्यस्थलमा भएको दुर्घटना (कार्यसंग सम्बन्धितमा मात्र) को कारण अंग भंग वा मृत्यु भएमा र रोड दुर्घटनामा मृत्यु भएको अवस्थामा मात्र क्षतिपूर्ति पाइन्छ। |
| कस्तो अवस्थामा क्षतिपूर्ति पाइदैन ? | - सुतेको ठाउँमा वा अन्य कुनै ठाउँमा कार्डियाक अर्रेस्ट वा प्राकृतिक कारणबाट मृत्यु भएमा क्षतिपूर्ति पाइदैन ।<br>- तर यदि आफुले काम गर्ने कम्पनीमा जीवन बीमाको प्रावधान रहेको छ भने त्यस्तो अवस्थामा भने परिवारलाई बीमाको रकम प्राप्त हुने हुँदा आफु कार्यरत कम्पनीसंग आफ्नो Insurance को बारेमा समयमै जानकारी राखी परिवारलाई समेत जानकारी गराउने । |
| क्षतिपूर्तिको लागि आवश्यक कागजातहरु | - मृत्यु प्रमाणपत्र<br>- पासपोर्ट र ID प्रतिलिपि<br>- रोजगारी सम्झौता तथा बीमाका कागजातहरू<br>- प्रहरी प्रतिवेदन / मृत्युको प्रमाणपत्र<br>- परिवारसँगको नाता प्रमाणित<br>- नेपाली दूतावास वा कन्सुलेटको नाममा Power of Attorney<br>- विवाहित भए विवाहित जनाउने कागजात<br>- कानुनी हकवालाको नागरिकताको प्रतिलिपि |
| Power of Attorney कहाँ कहाँ प्रमाणित गर्नु पर्दछ ? | **पहिलो चरणमा**<br>- शुरुमा सम्बन्धित पालिकाबाट<br>- त्यसपछि कन्सुलर विभागबाट<br>- नेपाली दूतावास वा कन्सुलेटबाट<br>- र यहाको परराष्ट्र (MoFA, UAE) बाट प्रमाणिकरण गर्नु पर्दछ ।<br><br>**दोस्रो चरणमा** |

| | |
|---|---|
| | - त्यसपछि प्रमाणित कागजातका Legal translations र कानून मन्त्रालयबाट Legal translation को प्रमाणिकरण,<br>- POA संगै नाता प्रमाणित कागज, कानुनी हकवालाको कागज र विवाहित भएमा विवाहको कागज सबै यहाको निकायमा Legal attestation गराउनु पर्दछ । |
| क्षतिपूर्ति रकम प्राप्त गर्न कति समय लाग्दछ ? | - अदालती प्रक्रिया भएको हुँदा समय लाग्ने<br>- मुद्धाको किसिम (Case) अनुसार पनि हुने |
| कानूनी हकवालाले क्षतिपूर्ति रकम कसरी प्राप्त गर्न सक्दछन्? | - अदालतबाट दूतावासको खातामा क्षतिपूर्ति रकम प्राप्त भएपश्चात सोको जानकारी परिवारलाई पनि गराइन्छ र उक्त रकम तुरुन्तै कन्सुलर सेवा विभाग, त्रिपुरेश्वरमा ट्रान्सफर गरिन्छ ।<br>- त्यसपश्चात सो रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालय (CDO Office) मा ट्रान्सफर हुन्छ र जि.प्र.का. बाट कानुनी हकवालाको बैंक खातामा जम्मा गरिन्छ । |
| के क्षतिपूर्तिको बारेमा नजिकको नातेदार वा साथिहरुले के-कति रकम ट्रान्सफर भयो वा भएन भनेर बुझ्न मिल्छ ? | - मिल्दैन । गोपनियता र विषयवस्तुको संवेदनशिलताको कारण सबैलाई यो विषयमा जानकारी दिन नसकिने ।<br>- सोको बारेमा निकटतम परिवार तथा हकवालाले मात्र बुझ्न मिल्ने । |